# मिति २०७८/१०/२८गते शुक्रबार ११८ औं कार्यपालिका बैठक

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. तराई मधेश समृद्धी कार्यक्रम सम्बन्धमा ।

३. औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।

४. करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद  थप सम्बन्धमा ।

५. जग्गाको अभिलेख कायम गर्ने सम्बन्धमा । (श्री जनजागृती मा.वि. घोराही लमडरुवा वडा नं. १०)

६. जग्गा भोगाधिकार सम्बन्धमा । (नेवार सेवा समिति घोराही वडा नं. १५)

७. नेपाल विद्युत प्राधिकरणलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा । (फ्युज सेवा संचालनका लागि)

८. घ वर्गको इजाजत दिने सम्बन्धमा ।

९. थप बर्थिङ सेन्टर स्थापना सम्बन्धमा ।

१०. स्रोत साझेदारी प्रतिवद्धता सम्बन्धमा । (सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सुदृढीकरण आयोजना अन्तर्गत सेवा इकाइमा कार्यरत जनशक्तिहरुको पारिश्रमिकका लागि)

११. गाडी मर्मत सम्बन्धमा । (जिल्ला प्रहरी कार्यालय)

१२. अधुरो सडक निर्माण सम्बन्धमा ।

१३. प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा । (जिल्ला प्रहरी कार्यालय कार्य शाखा घोराही)

१४. आर्थिक सहयोग सम्बन्धमा ।

- १४.१ वडा नं. १४ बस्ने स्नेहा घिमिरेलाई आर्थिक सहयोग ।
- १४.२ नेपाल निवृत्त राष्ट्रसेवक समाजलाई स्मारिका प्रकाशनका लागि आर्थिक सहयोग ।
- १४.३ थारु भाषामा पत्रकारिता र आचारसंहिता राष्ट्रिय गोष्ठी संचालनका लागि प्रेस काउन्सिल नेपाल लाई आर्थिक सहयोग ।
- १४.४ कुसुण्डा भेषभुषा संस्कृति संरक्षणका लागि ।
- १४.५ नेपाल सार्की समाज लाई जुत्ता उत्पादन तालिम संचालनका लागि ।३ लाख
- १४.६ गन्धर्व समाजलाई सारङ्गी दिवसका लागि ।
- १४.७ विशाल बि.क.लाई उपचार खर्च ।

१५. खरिद सम्बन्धमा ।

१६. घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१७. कार्यविधि संशोधन सम्बन्धमा । (भवन अनुमती तथा इजाजत सम्बन्धी कार्यविधि २०७५)

१८. शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

तराई मधेश समृद्धि कार्यक्रम, समन्वय इकाईको मिति २०७८।०९।३० गते प्रकाशीत आयोजना/कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आ.व. २०७९/०८० का लागि यस उपमहानगरपालिकामा तपसिल बमोजिमका आयोजना संचालन गर्न तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसूची -३ अनुसार तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्राथमिकता क्रम निर्धारण गरी माग गर्ने ।

**तपसिलः**

**सामुदायिक पूर्वाधार तर्फ**

१. वडा नं. १७ मा कृषि उपज केन्द्रको स्थापना ।
२. वडा नं. १४/१५ मा स्थानीय उत्पादन प्रबर्द्धनका लागि हाट बजार निर्माण ।
३. वडा नं. १६ मा स्वास्थ्य पूर्वाधार निर्माण ।
४. वडा नं. १३ भ्युडरमा स्वास्थ्य पूर्वाधार निर्माण ।
५. वडा नं. २ मा लभ पार्क निर्माण ।
६. वडा नं. १ मा सभाहल निर्माण ।
७. झिगौरा मनकामना सामुदायिक वन शहरी हरित पार्कको गेटमा थारु संग्राहलय टिकट काउन्टर निर्माण ।

**पारम्परिक पेशा प्रबर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार तर्फ**

१. छाला जुत्ता तथा झोला बनाउने तालिम ।
२. ढकिया तथा छिट्वा बुनाई तालिम ।

**कृषि विकास तर्फ**

१. स्थानीय अल्लो उत्पादन कार्यक्रम ।
२. बेसार तथा अदुवा उत्पादन कार्यक्रम ।

**निर्णय नं. ३**

नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम नीति अन्तर्गत यस घोराही उपमहानगरपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि घोराही उपमहानगरपालिका वडा नं. ६ भित्र पर्ने गुरुवागाँउ-धारापानी सडक अन्तर्गत बबई खोला वारी उक्त सडकको पूर्व तर्फ रहेको सार्वजनिक जग्गामा पर्ने करिब ७ बिगाहा क्षेत्रफल रहेको जग्गालाई औद्योगिक ग्राम क्षेत्र तोक्ने । साथै लुम्बिनी प्रदेश सरकारबाट नवप्रबर्धन साझेदारी कार्यक्रमका लागि प्रस्ताव माग भएकोले नवप्रवर्धन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अनुसार ३०% लागत साझेदारी घोराही उपमहानगरपालिकाको रहने गरी औद्योगिक ग्राम निर्माणका लागि प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत नेपाल सरकारको स्वीकृत कार्यक्रम भित्रका कर्मचारी, घोराही उमहानगरपालिकाको स्वीकृत दरबन्दी भित्रका प्राविधिक कर्मचारी, नगर प्रहरी, श्रेणी विहिन कर्मचारी, प्रेस संयोजक र कानूनी सल्लाहकारको मिति २०७८ माघ १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने र अन्य अप्राविधिक तर्फका दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित वडा समिति र नगरपालिकाको निर्णयानुसार स्वीकृत दरबन्दीको सीमा भित्र रही दैनिक ज्यालादारीमा कामकाज लगाउने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. १० लमडरुवा स्थित श्री जनजागृती माध्यामिक विद्यालयले पूर्वमा सडक डोरीया सोता वन सिमाना पश्चिममा भमै खोला उत्तरमा गणराज न्यौपानेको आवाधिक जग्गाबाट १५ मिटर बाटो छोडी दक्षिणमा देवराज पुनको घरदेखि उत्तर तर्फ नक्सा नं. ३ख कि.नं. १० को क्षेत्रफल अन्दाजी ४-०-० विगाहा जग्गा २०४५ सालदेखि जनजागृती माध्यामिक विद्यालयले भोगचलन गर्दै आइरहेकोले उक्त जग्गा विद्यालयकै नाममा अभिलेखिकरणका लागि १० नं. वडा कार्यालयको च.नं. २८९०, मिति २०७८।१०।१७ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ६**

नेवार सेवा समितिले मिति २०४५ सालदेखि भोगचलन गर्दै आइरहेको साविक घोराही ४/ख कि.नं. ३३ ज.वि. ०-२-१० ऐलानी जग्गा नेवा समिति दाङलाई भोगाधिकारको लागि १५ नं. वडा कार्यालयको च.नं. ३८७८, मिति २०७८।१०।१७ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उक्त जग्गा नेवा सेवा समिति दाङलाई उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १० चरबगिया अन्तर्गत लालीगुराँस टोल र शिव वस्ती टोलको विचमा पर्ने नक्सा नं. २ख कि.नं. १४५ को ऐलानी प्रति जग्गा किरण रावतको घरदेखि एक हात जग्गा छाडी उत्तरतर्फको ज.वि. ०-३-० जग्गा नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रलाई फ्युज सेवा संचालनका लागि उक्त जग्गा उपलब्ध गराइदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. २७२७, मिति २०७८।१०।०६ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उक्त जग्गा नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रलाई उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाले बनाएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको राजश्व शाखा प्रमुखबाट चेक जाँच गरी पेश भएमा रुद्राक्ष कन्स्ट्रक्सन एण्ड सप्लायर्स घोराही ११ का प्रो. राजु राणालाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका बजार क्षेत्रमा जनसंख्या तथा मागको आधारमा यस उपमहानगरपालिका वडा नं. १४ मा रहेको शहरी स्वास्थ्य केन्द्र नयाँ बजारमा बर्थिङ सेन्टर स्वास्थ्य चौकी स्थापना गर्न अत्यावश्यक भएकोले थप बर्थिङ सेन्टर स्वास्थ्य चौकी स्थापनाका लागि बजेट, पूर्वाधार विकास, जनशक्ति तथा औजार उपकरणको व्यवस्थाका साथै थप बर्थिङ सेन्टर स्वास्थ्य चौकी सूचीकृत गरिदिन स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा मा अनुरोध गर्ने ।

**निर्णय नं. १०**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्रोत व्यवस्थापनमा घोराही उपमहानगरपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनमा रहेको छ । चालु आ.व. २०७८/०७९मा विभागको अनुरोध अनुसार यस उपमहानगरपालिकाको आयोजना सेवा ईकाइमा कार्यरत २ जना एम.आई.एस. अपरेटर र १ जना फिल्ड सहायकहरुका लागि एक चौमासिक वापत बराबर हुन आउने पारिश्रमिक रकम यस कार्यालयबाट बजेट विनियोजित भएकोमा आयोजनाको उद्देश्य अनुसार लक्ष्य हासिल गर्न वि.सं. २०८० असार मसान्तसम्म आयोजनाको म्याद समेत थपिएकोले यस उपमहानगरपालिकामा सेवा इकाइमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकहरुलाई निरन्तरता दिन स्रोत अपुग हुने भएकोले स्रोत साझेदारीका लागि विभागको प.सं. ०७८/०७९, च.नं. १२०४ मिति २०७८।०९।२७को पत्रबाट आगामी आ.व. ०७९/८०का लागि सेवा इकाईमा कार्यरत जनशक्तिको पारिश्रमिक रकमको आधा अर्थात छ महिना बराबर हुन आउने रकम बजेट साझेदारीका लागि अनुरोध भई आएकोले स्रोत साझेदारीका लागि प्रतिवद्धता पत्र पठाउने ।

**निर्णय नं. ११**

जिल्ला प्रहरी कार्यालयमा रहेको गाडी बिग्रिएकोले उक्त गाडी मर्मतका लागि जिल्ला प्रहरी कार्यालयको च.नं. २६०१, मिति २०७८।१०।०७ गतेको पत्रबाट गाडी मर्मतका लागि सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले जिल्ला प्रहरी कार्यालयको उक्त गाडी मर्मत वापत को रकम विल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाबाट भुक्तानी दिने ।

**निर्णय नं. १२**

सघन शहरी तथा भवन निर्माण आयोजना दाङबाट निर्माणाधीन Package III अन्तर्गत झिगौरा-स्वर्गद्धारी टोल गोर्खा अस्पताल मिलन चौक हुँदै भेटेरीनरी शहिदमार्ग जोड्ने सडक अन्तर्गत पर्ने घोराही उपमहानगरपालिकाको वडा नं. १४ को गोर्खा अस्पतालदेखि मिलन चोक, रतनपुर चोकदेखि पश्चिमतर्फ सेवार सोलासम्म र भेटेरीनरी कार्यालयदेखि सभाहल, लखनपार्क हुँदै नेपाल टेलिकम तिनकुने चोकसम्मको सडकमा फुटपाथ र नाला सहित अस्पाल्ट पिच टेण्डर विलोबाट बाँकी रहेको रकमबाट गरिदिनुहुनका लागि अनुरोध गर्ने ।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका अन्तर्गत पर्ने विभिन्न खोलाहरुमा अवैध रुपमा नदिजन्य पदार्थ (बालुवा गिट्टी ढुङ्गा छर्री मिस्कट) उत्खनन् एवं ओसारपसारमा संलग्न टिप्पर ट्याक्टरहरुलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीका लागि पठाए वापत नियमानुसार पाउनुपर्ने प्रोत्साहन रकम उपलब्ध गराइदिनुहुन भनि जिल्ला प्रहरी कार्यालय कार्य शाखा घोराही दाङको च.नं. २५८१, मिति २०७८।१०।१७ गतेको पत्रबाट अनुरोध भएकोमा तपसिल बमोजिमका प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरुलाई उठेको राजश्व रकमको २०% ले हुन आउने रकम घोराही उपमहानगरपालिकाको **अन्य फिर्ता** शिर्षकबाट उपलब्ध गराउने ।

**तपसिलः**

| क्र.सं. | मिति | पक्राउ गर्ने कार्यालय | सवारी साधनको नं. | सवारी साधनको प्रकार | नदीजन्य पदार्थको विवरण | भएको कारवाही रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | २०७८।०५।२६ | अ.प्र.पो.सर्रा दाङ | लु१त ८६१ | ट्याक्टर | खाली | ५०००।- | |
| २ | २०७८।०६।१० | अ.प्र.पो.सर्रा दाङ | रा१त ४५०१ | ट्याक्टर | बालुवा | २१०६०।- | |
| ३ | २०७८।०६।१७ | अ.प्र.पो.सर्रा दाङ | रा१त ४५६७ | ट्याक्टर | बालुवा | २००००।- | |
| ४ | २०७८।०६।१७ | अ.प्र.पो.सर्रा दाङ | रा१त ४०४३ | ट्याक्टर | बालुवा | २००००।- | |
| ५ | २०७८।०६।१८ | जि.प्र.का.दाङ | ना७त ५६९० | ट्याक्टर | बालुवा | २१०५९।- | |
| ६ | २०७८।७।४ | अ.प्र.पो.कोठरी दाङ | रा१त ४१४४ | ट्याक्टर | ढुङ्गा | २१०५९।- | |
| ७ | २०७८।०७।१४ | अ.प्र.पो.चौघेरा दाङ | रा१त २८७७ | ट्याक्टर | ढुङ्गा | ११०५८।- | |
| ८ | २०७८।०६।१४ | अ.प्र.पो.चौघेरा दाङ | रा१त १२९० | ट्याक्टर | ढुङ्गा | ११०५८।- | |
| ९ | २०७८।०८।०१ | अ.प्र.पो.हापुर दाङ | रा१त १६१० | ट्याक्टर | ढुङ्गा | २१०५८।- | |
| १० | २०७८।०८।०७ | अ.प्र.पो. सर्रा दाङ | रा१त ३८२७ | ट्याक्टर | बालुवा | २१०६०।- | |
| ११ | २०७८।०८।१० | जि.प्र.का. दाङ | रा१त २७२६ | ट्याक्टर | ढुङ्गा | २१०५९।- | |
| १२ | २०७८।०८।१० | जि.प्र.का. दाङ | रा१त ४२३७ | ट्याक्टर | बालुवा | २१०५९।- | |
| १३ | २०७८।०८।२० | अ.प्र.पो. सर्रा दाङ | रा१त ४६७८ | ट्याक्टर | बालुवा | २१०५९।- | |
| १४ | २०७८।०८।२० | अ.प्र.पो. सर्रा दाङ | रा१त ३३८७ | ट्याक्टर | बालुवा | २१०५९।- | |
| १५ | २०७८।०९।०१ | अ.प्र.पो. सर्रा दाङ | रा१त ३५७६ | ट्याक्टर | ढुङ्गा | २१०५९।- | |
| १६ | २०७८।०९।०२ | अ.प्र.पो.चौघेरा दाङ | लु२त २३८२ | ट्याक्टर | ढुङ्गा | २१०५९।- | |
| १७ | २०७८।०९।१३ | अ.प्र.पो. सर्रा दाङ | रा१त४६०४ | ट्याक्टर | बालुवा | २१०५९।- | |
| १८ | २०७८।०९।२७ | जि.प्र.का. दाङ | रा१त ४३८७ | ट्याक्टर | गिट्टी | २१०५९।- | |
| १९ | २०७८।१०।०६ | व.प्र.का. घोराही दाङ | रा१त १२४९ | ट्याक्टर | ढुङ्गा | २१०५९।- | |
| | **जम्मा** | | | | | ३,६१,९४२।- | |

प्रोत्साहन स्वरुप फिर्ता पाउने रकम रु.३,६१,९४२।-(तिन लाख एक्सठ्ठी हजार नौ सय बयालिस मात्र) को २०% ले हुन आउने रकम रु. ७२,३८८।-(बहत्तर हजार तिन सय अठासी मात्र) ।

**निर्णय नं. १४**

**१४.१** घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने नुमा शर्माले आफ्नी छोरी स्नेहा घिमिरे सन् २०२२ मा दुबईमा हुन गईरहेको Expo Science Asia 2022 मा नेपालको तर्फबाट प्रतिनिधित्व गर्नेगरी जानुपर्ने भएको र आफ्नो घरको आर्थिक अवस्था कमजोर भएकोले उक्त एक्स्पोमा सहभागी हुन दुबई जानका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले स्नेहा घिमिरेलाई दुबई आतेजाते प्लेन टिकट बराबरको रकम सहयोग स्वरुप घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१४.२** नेपाल निवृत्त राष्ट्र सेवक समाज प्रधान कार्यालय घोराही दाङले समाजबाट स्थापना कालदेखि हालसम्म भए गरेका विभिन्न गतिविधिहरु समावेश भएको स्मारिका प्रकाशन(तेस्रो अंक)का लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मिति २०७८।०९।२६ गते यस कार्यालयमा निवेदन दिनु भएकोले नेपाल निवृत्त राष्ट्र सेवक समाजलाई स्मारिका प्रकाशनका लागि रकम रु. ३५०००।– (पैतिस हजार) आर्थिक सहयोग स्वरुप घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१४.३** थारु भाषा पत्रकारितामा क्रियाशील पत्रकारहरुका लागि थारु पत्रकारिता र आचार संहिता राष्ट्रिय गोष्ठी संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि प्रेस काउन्सिल नेपालको च.नं. ४४८, मिति २०७८।०९।२३ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त गोष्ठी संचालनका लागि सहयोग स्वरुप रकम रु. १०००००।– (एक लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१४.४** घोराही उपमहानगरपालिका भित्र बसोबास गर्ने कुसुण्डा जातीहरुको परम्परागत भेषभुषा तथा संस्कृती संरक्षणका लागि नेपाल कुसुण्डा विकास समाज केन्द्रीय समिति दाङका अध्यक्ष श्री धन बहादुर कुसुण्डाले आर्थिक सहयोगका लागि यस कार्यालयमा निवेदन दिनुभएकोले नेपाल कुसुण्डा विकास समाज केन्द्रीय समिति दाङलाई सहयोग स्वरुप रकम रु. ७३,४७५।– (त्रिहत्तर हजार चार सय पचहत्तर) घोराही उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा अन्तर्गत रहेको कला साहित्य संस्कृति संरक्षण एवं प्रवर्द्धन सहयोग शीर्षकबाट उपलब्ध गराउने ।

**१४.५** नेपाल सार्की समाजले बेरोजगार युवायुवतीहरुका लागि छाला जुत्ता उत्पादन सम्बन्धी तालिम कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल सार्की समाज केन्द्रीय कार्यालय घोराही दाङ को च.नं. ७७, २०७८।०९।१५ गते यस कार्यालयमा निवेदन दिनु भएकोले नेपाल सार्की समाजलाई उक्त तालिम कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रकम रु. ३,००,०००।– (तिन लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१४.६** गन्धर्व समाजको आयोजनामा मिति २०७८।१०।२३ गते बसन्त पञ्चमीको दिन घोराही उपमहानगरपालिका वडा नं. ११ नयाँबस्तीमा सारङ्गी दिवस मनाउने कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि गन्धर्व समाजले ११ नं. वडा कार्यालयको च.नं. १८२७, मिति २०७८।१०।२८ गतेको सिफारिस पत्रसाथ यस कार्यालयमा निवेदन दिनुभएकोले गन्धर्व समाज दाङलाई सहयोग स्वरुप रकम रु. ५०,०००।– (पचास हजार मात्र) घोराही उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा अन्तर्गत रहेको कला साहित्य संस्कृति संरक्षण एवं प्रवर्द्धन सहयोग शीर्षकबाट उपलब्ध गराउने ।

१४.७ घोराही उपमहानगरपालिकामा मिति २०७६ साल पौष २८ गतेदेखि माघ १३ गतेसम्म संचालन भएको मेयरकप फुटवल प्रतियोगितामा ५ नं. वडाको तर्फबाट फुटबल खेल्ने क्रममा बाँया करङ भाँचिएर घाइते हुनुभएका बिशाल बि.क.लाई उपचारका लागि घोराही उपमहानगरपालिकाको मिति २०७७।११।२५ गते बसेको १००औं कार्यपालिका बैठकबाट आर्थिक सहयोग गर्ने निर्णय भएकोमा उक्त रकम भुक्तानी नभएको र उक्त रकम अपुग हुने भनि ५ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध गर्नुभएकोले उहाँ(बिशाल बि.क.)लाई उपचार खर्च स्वरुप रकम रु. २५,०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १५**

१५.१ घोराही उपमहानगरपालिकाका विभिन्न वडाहरुबाट विभिन्न मितिमा केही खानेपानी तथा सिंचाई पाइप, पम्पसेट र विद्युत ट्रान्सफर्मर अत्यावश्यक भएको भनि सम्बन्धीत वडाबाट सिफारिस भई आएकोले तपसिल अनुसार पम्पसेट, पाइप तथा विद्युत ट्रान्सफर्मर घोराही उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने ।

**तपसिलः**

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २ लामिडाँडा सिंचाईका लागि एक सेट पम्पसेट | २ | |
| २ | वडा नं. २ स्थित वनखेतमा सिंचाईका लागि ८ इन्चको ३४ मिटर पोलिथिन पाइप | २ | |
| ३ | वडा नं. ३ मा विद्युत ट्रान्सफर्मर खरिद | ३ | |
| ४ | वडा नं. ३ बर्गद्धा खानेपानीका लागि विद्युत ट्रान्सफर्मर खरिद | ३ | |
| ५ | वडा नं. ४ सुनपुरमा छरछरे सिंचाई आयोजनका लागि ६ इन्चको ५ थान जि.आई.पाइप | ४ | |
| ६ | वडा नं. ५ बहुउद्देश्यीय सहकारी उपभोक्ता समितिलाई खानेपानी पाइप | ५ | |
| ७ | वडा नं. ११ झुम्केटारी खानेपानी आयोजनाका लागि खानेपानी पाइप | ११ | |
| ८ | वडा नं. ८ श्री हिमालय तरकारी विकास कृषक समूहका लागि सिंचाई ३ इन्चको ८० मिटर कालो पाइप | ८ | |
| ९ | वडा नं. १८ बाँसखोली टोल विकास संस्थामा कृषकहरुका लागि हिंउदे सिंचाई गर्न डिप बोरिङमा प्रयोग हुने २ इन्चको करिब ३०० मिटर पोलिथिन पाइप | १८ | |
| १० | वडा नं. १८ स्थित सुनडबरी टोल विकास संस्थालाई खानेपानी पाइप (२०० मिटर २ इन्चको पाइप) | १८ | |

**१५.२** घोराही उपमहानगरपालिकाको वडा नं. ११ र वडा नं. ५ को क्रमशः शिवपुर र बसन्तपुरमा सामाजिक सुरक्षाका लागि स्थानीय बासीबाट अस्थायी प्रहरी चौकी स्थापनाका लागि माग बमोजिम उक्त स्थानहरुमा अस्थायी प्रहरी चौकी स्थापना गर्ने निर्णय भए अनुसार सुरक्षाकर्मीका लागि आवश्यक सामग्री उपलब्ध गराइदिनुहुन भनि सम्बन्धीत वडा कार्यालयबाट अनुरोध भई आएकोले सामग्रीहरु घोराही उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने ।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाको मिति २०७८।१०।२७ गते बसेको नगर शिक्षा समितिको बैठकबाट घोराही उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा तपसिल अनुसारको दरबन्दी कायम गर्ने निर्णय अनुमोदन गर्ने ।

**दरबन्दी विवरण २०७८**

| क्र.सं. | विद्यालयको नाम | दरबन्दी | | | राहत कोटा | | | केन्द्रिय मा.वि. अनुदान | केन्द्रिय नि मा.वि. अनुदान | प्राविधिक धार | | मा.वि. +2 | केन्द्रीय बाल विकास अनुदान | विद्यालय सहायक | विद्यालय सहयोगी | नगर मा वि अनुदान | नगर नि.मा.वि. अनुदान | नगर बाल विकास अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मा.वि. | नि.मा.वि. | प्रा.वि. | मा.वि. | नि.मा वि | प्रा वि | | | स प्रशिक्षक | प्रशिक्षक | | | | | | | |
| १ | श्री जनकल्याण प्रा वि लखवार | | | १ | | | ३ | | | | | | १ | | १ | | | |
| २ | श्री जयशेर मा वि रावतगाउँ | १ | १ | १२ | १ | २ | १ | १ | | | | | ३ | १ | २ | | | |
| ३ | श्री मा.वि. जजरागाउँ | १ | | ८ | | ३ | १ | २ | | | | | २ | १ | २ | १ | | १ |
| ४ | श्री मा वि सौडियार | ३ | ४ | ७ | १ | १ | २ | | | | | | ३ | १ | २ | | | |
| ५ | माता पवित्रा देवि सांगवेद आ वि शुक्रवार | | २ | ३ | | | १ | | | | | | १ | | १ | | | |
| ६ | श्री रात्री प्रा.वि. शुक्रवार | | | २ | | | १ | | | | | | ३ | | १ | | | १ |
| ७ | श्री सर्वोदय प्रा वि वुधौरा | | | | | | २ | | | | | | २ | | १ | | | |
| ८ | श्री मा.वि. ढिकपुर | २ | २ | ६ | | | १ | १ | १ | | | | ३ | १ | १ | | | |
| ९ | श्री नारायण प्रा वि पश्चिम सेवार | | | १ | | | १ | | | | | | २ | | १ | | | |
| १० | श्री नेपाल राष्ट्रिय आ वि दुन्द्रा | | १ | ५ | | | १ | | | | | | २ | | १ | | | १ |
| ११ | श्री नरदेवी मा वि तेघरा | ३ | ३ | ६ | १ | | २ | | | | | | ३ | १ | १ | १ | | |
| १२ | श्री प्रा वि मकुण्डाँडा अस्परी | | | २ | | | २ | | | | | | २ | | १ | | | १ |
| १३ | श्री प्रा वि त्रिवेणी कर्मटिया | | | ३ | | | १ | | | | | | २ | | १ | | | |
| १४ | श्री बालकल्याण मा वि खैरा | १ | | ५ | | १ | २ | | | | | | ३ | १ | १ | | | |
| १५ | जनजागृती मा वि लमडरुवा | १ | १ | ६ | | २ | १ | २ | | | | | २ | १ | १ | | | १ |
| १६ | श्री नवोदय बालकल्याण आ वि दक्षिण अम्राई | | १ | क्र | | १ | | | | | | | २ | | १ | | | |
| १७ | श्री सिद्धरत्ननाथ मा वि नारायणपुर | ७ | ७ | १२ | १ | २ | | | | | | ३ | ४ | १ | १ | १ | | |
| १८ | श्री ज्ञान ज्योति प्रा वि पेरनी | | | | | | २ | | | | | | २ | | १ | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | श्री प्रा वि हापुर खुमकोट | | | ३ | | | | | | | | | १ | | १ | | | |
| २० | श्री बालकल्याण प्रा वि नयावस्ती | | | ३ | | | | | | | | | १ | | १ | | | १ |
| २१ | श्री जनप्रिय प्रा वि बाँसगजेरी | | | | | | ३ | | | | | | १ | | १ | | | |
| २२ | श्री प्रा वि हापुर शिवपुर | | | २ | | | २ | | | | | | ३ | | १ | | | |
| २३ | श्री गुराँस प्रा.वि.गुरौ | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| २४ | श्री हापुर मा वि निघुवार | ४ | ३ | ६ | | | ३ | | | | | २ | २ | १ | १ | १ | | |
| २५ | श्री मा वि हापुर रतनपुर | ३ | ३ | ५ | १ | १ | २ | | | | | | २ | १ | १ | १ | १ | |
| २६ | श्री आ वि हापुर गुर्जे | | १ | ३ | | २ | १ | | | | | | २ | | १ | | | |
| २७ | श्री प्रा. वि. पेदा | | | १ | | | २ | | | | | | १ | | १ | | | |
| २८ | श्री प्रा.वि. तेजनगर सिस्नेरी | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| २९ | श्री प्रा वि श्रीचौर | | | ३ | | | ० | | | | | | १ | | १ | | | |
| ३० | श्री मा वि हापुर विजौरी | ४ | ४ | २ | | | २ | | | | | २ | २ | १ | १ | १ | | १ |
| ३१ | सरस्वती बालकल्याण प्रावि माराकोट | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ३२ | श्री प्रा वि कर्मकोट | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ३३ | श्री सिद्ध प्रा वि हेक्राम | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ३४ | श्री प्रा वि सल्लीकोट माले | | | २ | | | | | | | | | १ | | १ | | | |
| ३५ | श्री आ.वि. सिमलतारा | | १ | ७ | | १ | १ | | | | | | २ | | १ | | | १ |
| ३६ | श्री अम्विका मा वि हर्नोक | २ | ३ | ५ | २ | १ | ० | | | | | | १ | १ | १ | | | |
| ३७ | श्री बराह प्रा वि साहीपुर | | | २ | | | १ | | | | | | २ | | १ | | | |
| ३८ | श्री गंगा मा वि रामपुर | ४ | ४ | १३ | | १ | १ | | | | | २ | २ | १ | १ | १ | | |
| ३९ | श्री जनता मा वि नयाँगाउँ वुका | १ | २ | ७ | १ | २ | २ | १ | | | | | २ | १ | १ | | १ | |
| ४० | श्री सरयू रात्री प्रा वि सुर्केडाँगी | | | ४ | | | | | | | | | २ | | १ | | | १ |
| ४१ | श्री रात्री प्रा वि पलाँसे | | | २ | | | १ | | | | | | २ | | १ | | | |
| ४२ | श्री आ वि चाक्लीघाट | | १ | ३ | | | १ | | १ | | | | २ | | १ | | | |
| ४३ | श्री प्रा वि सोरेटी रातामाटा | | | १ | | | १ | | | | | | १ | | १ | | | |
| ४४ | श्री गौरी बबै प्रा. वि. निमुरिया | | | १ | | | ४ | | | | | | ३ | | १ | | | |
| ४५ | श्री रात्री प्रा वि बेलुवा | | | २ | | | | | | | | | १ | | १ | | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | श्री मा वि झिङनी बञ्जारी | १ | ३ | ६ | | १ | १ | २ | | | | | २ | १ | १ | | १ | |
| ४७ | श्री सरयू आ वि भैसकुर्मा | | १ | ५ | | | १ | | | | | | १ | | १ | | | |
| ४८ | श्री सरस्वती प्रा वि मुसोटखोला | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ४९ | श्री आ वि सवारीकोट | | १ | ४ | | | २ | | | | | | २ | | १ | | | |
| ५० | श्री पालु प्रा वि सिस्नेखोला | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ५१ | श्री आ वि सुनपुर | | १ | ५ | | | १ | | | | | | २ | | १ | | १ | १ |
| ५२ | श्री मा वि डाँडागाउँ गोग्ली | ५ | ३ | ११ | | १ | १ | | | | | १ | २ | १ | १ | | | |
| ५३ | श्री महेन्द्र मा वि धर्ना | ४ | ३ | ७ | | | २ | | १ | | | | २ | १ | १ | १ | | |
| ५४ | श्री महेन्द्र आ वि दलजीतपुर | | ३ | ३ | | | | | | | | | २ | | १ | | | |
| ५५ | श्री हरि ॐ प्रा.वि. भैसापथ्रा | | | २ | | | | | | | | | १ | | १ | | | |
| ५६ | श्री जनता प्रा.वि. डाँगीगाउँ | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ५७ | श्री नेपाल राष्ट्रिय प्रा वि रज्जे | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ५८ | श्री प्रा वि बसेरीखोला | | | १ | | | १ | | | | | | १ | | १ | | | |
| ५९ | श्री जनकल्याण प्रा वि धारापानी | | | १ | | | १ | | | | | | १ | | १ | | | १ |
| ६० | श्री बराहक्षेत्र मा वि सेवार वनगाउँ | ४ | ३ | ६ | १ | १ | ३ | | | | | | १ | १ | १ | | | १ |
| ६१ | श्री गणेश प्रा वि सेवार बगाले | | | २ | | | | | | | | | १ | | १ | | | |
| ६२ | श्री बालकल्याण प्रा वि कलमघारी | | | २ | | | | | | | | | २ | | १ | | | |
| ६३ | श्री शुभ प्रभात मा वि नयाँबजार | ५ | ३ | ५ | | | | | | | | | २ | १ | १ | | | |
| ६४ | श्री बालविकास मा वि नयाँबजार | १ | १ | १६ | | | १० | २ | | | | | ३ | १ | १ | १ | | |
| ६५ | श्री बालमन्दिर प्रा वि घोराही | | | ५ | | | १ | | | | | | २ | | १ | | | १ |
| ६६ | श्री मदरसा दारुल हुदा अलसल्फिया आ वि घोराही | | | २ | | | १ | | | | | | २ | | १ | | | |
| ६७ | श्री प प न मा वि भरतपुर | १२ | १० | ११ | | १ | २ | | | ६ | २ | ६ | २ | १ | १ | | | |
| ६८ | श्री सरस्वती मा वि काठेकोल | १ | ३ | १० | २ | १ | | | | | | | ३ | १ | १ | | | १ |
| ६९ | श्री सिर्जनशील आ वि बाहुनडाँडा | | १ | ३ | | २ | १ | | | | | | २ | | १ | | | |
| ७० | श्री प्रा वि सानीअम्बापुर सर्रा | | | ३ | | | | | | | | | १ | | १ | | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७१ | श्री वातावरणीय प्रा वि करौतीडाँडा | | | २ | | | २ | | | | | | २ | | १ | | | |
| ७२ | श्री गोरक्ष रत्ननाथ मा वि चौघेरा | १ | ३ | १० | १ | | २ | | | ४ | २ | | ३ | १ | २ | | | |
| ७३ | श्री प्रा वि कर्जाही | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ७४ | श्री रात्री प्रा.वि. क्वाडी | | | २ | | | | | | | | | १ | | १ | | | |
| ७५ | श्री प्रा वि भैसाही | | | ३ | | | १ | | | | | | १ | | १ | | | १ |
| ७६ | श्री मा वि रझेना | ४ | ७ | १६ | १ | | १ | | | | | ५ | ३ | १ | २ | १ | | १ |
| ७७ | श्री आ वि गिठेपानी | | १ | ५ | | | १ | | | | | | २ | | १ | | | |
| ७८ | श्री अम्बिकेश्वरी आ वि वेलघारी | | १ | ७ | | | | | | | | | १ | | १ | | | |
| ७९ | श्री प्रा वि घोडदौरा | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ८० | श्री प्रा. वि. जोगीडाँडा | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ८१ | श्री भगवती मा. वि. होडवाङ | | ३ | ७ | | १ | | २ | | | | | १ | १ | १ | १ | १ | |
| ८२ | श्री अन्तर्राष्ट्रिय यूवा वर्ष मा वि तोष | १ | १ | ४ | | १ | | २ | १ | | | | १ | १ | १ | | | |
| ८३ | श्री भूमि आ वि बाम्ला | | १ | ३ | | १ | | | १ | | | | १ | | १ | | | |
| ८४ | श्री राष्ट्रिय प्रा वि लिथान | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ८५ | श्री सुनाली प्रा वि दम्ती | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ८६ | श्री बराहक्षेत्र प्रा वि खानीगाउँ | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ८७ | श्री राजरजवाली प्रा वि राम्चे | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ८८ | श्री दोभान प्रा वि दुइखोला | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ८९ | श्री पृथ्वी प्रा वि आमधारा | | | ३ | | | | | | | | | १ | | १ | | | |
| ९० | श्री सिद्धार्थ प्रा वि वोल्दी | | | २ | | | १ | | | | | | १ | | १ | | | |
| ९१ | जनता पा वि काउलीचौर | | | ३ | | | | | | | | | १ | | १ | | | १ |
| ९२ | श्री बालहित प्रा वि पटिन्जा | | | १ | | | १ | | | | | | १ | | १ | | | |
| | **जम्मा** | **७६** | **९७** | **३७७** | **१३** | **३०** | **९६** | **१५** | **५** | **१०** | **४** | **२१** | **१५३** | **२६** | **९७** | **११** | **५** | **१९** |

प्राथमिक तहको १५ दरबन्दी पुलमा

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिका क्षेत्र भित्र भवन निर्माण अनुमती प्रक्रियालाई सरल र व्यवस्थीत बनाउन भवन निर्माण अनुमती तथा इजाजत सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद २ को दफा ३ (ट) मा **भुई क्षेत्रको अनुपात (FAR: Floor Area Ratio): आवासीय, व्यापारिक तथा अन्य भवनहरुको भुई क्षेत्रको अनुपात (FAR: Floor Area Ratio) २ कायम गरिनेछ भन्ने** रहेकोमा सो संशोधन गरी **आवासीय घरको लागि २.५ र व्यापारीक भवनको लागि ३.५** रहने गरी पहिलो संशोधन प्रस्ताव २०७८ पारित गर्ने ।

**निर्णय नं. १८**

घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीज्यूका सल्लाहकार अरुण शर्माकी ममतामयी आमा एवं यस उपमहानगरपालिकामा कार्यरत इन्जिनियर सुमित शर्माकी हजुरआमा स्व. राधादेवी आचार्यको यही मिति २०७८।१०।२० गतेका दिन ७६ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको खवरले घोराही उपमहानगरपालिका परिवारलाई अत्यन्त दुःखी तुल्याएको छ । यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाकासाथ शोक प्रस्ताव पारित गर्ने ।